चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

## २०८१ जेठ ८ गते बसेको कर्मचारी बैठकका प्रस्ताव र निर्णयहरू

**निर्णय नं. १:** प्रस्ताव नं. १ **'यस अघिका कर्मचारी बैठकका निर्णयहरू र परिपत्रको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्तावमा'** मा छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शाखा / उपशाखा / इकाइ / फाँट / वडा कार्यालयबाट हालसम्म सम्पादित कार्यहरू र यस अघिका कर्मचारी बैठकका निर्णयहरू कार्यान्वयनको अवस्थाको सम्बन्धमा समीक्षा गरियो। कार्यान्वय हुन बाँकी निर्णयहरूलाई यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ **'गणतन्त्र दिवस मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा गणतन्त्र दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष तथा सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८१ जेठ १ गतेको निर्णयअनुसार यस चौरजहारी नगरपालिकास्तरमा तपसिलबमोजिम कार्यक्रमको आयोजना गरी मनाउने निर्णय भएअनुसार यस नगरपालिका पनि उक्त दिवस निम्नानुसार मनाउने व्यवस्था मिलाउने।

(क) जेठ १४, १५ र १६ गते तीन दिनसम्म चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय, स्वास्थ्य संस्थालगायतका कार्यालयहरूको छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरूमा दीप प्रज्वलन गर्ने / गराउने।

(ख) गणतन्त्र दिवसलाई भव्य र उल्लासमय रूपमा मनाउन मुख्य सडक चोकहरू वडा नं. २ को त्रिवेणी र विजयश्वरी डाँडा, वडा नं. ११ को टाटामा गणतन्त्र दिवसको शुभकानासहितको २०८१ जेठ १४ गते गेट निर्माण गर्ने।

(ग) २०८१ जेठ १४ गते सोमबार चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यायल, वडा कार्यालय र स्वास्थ्य संस्था परिसरमा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने।

(घ) २०८१ जेठ १५ गते बिहान ७:०० बजे प्रभातफेरी, बिहान ८:०० बजे शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम र ९:०० बजे ब्लड बैंक चौरजहारीमा रक्तदान गरी मनाउने। साथै अनिवार्य रूपमा कार्यालय पोसाकमा सबै कर्मचारिहरू उपस्थित हुनुपर्ने।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'टोल विकास संस्था गठन गर्न छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीस्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासमा सबै पक्षमा दीगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूको सहभागितामा वडा कार्यालयको सहयोगीको रूपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि चौरजहारी नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ को दफा ३ बमोजिम प्रत्येक वडा र टोलमा टोल विकास संस्था गठन र दर्ता गरी २०८१ जेठ मसान्तभित्र अनिवार्य रूपमा आवश्यक कागजात र विवरणसहित प्रशासन, योजना तथा अनुगमन शाखामा पेस गर्ने निर्णय गरियो।

२०८१/०२/०८



शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'वस्ती, टोल तथा वडास्तरका योजनाहरू छनोट प्रक्रिया सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमका लागि स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले निर्दिष्ट गरेबमोजिम छनोट र प्राथमिकता गर्नुका साथै चौरजहारी नगरपालिका नगर कार्यपालिका कार्यालयको मिति २०८१ जेठ ७ गतेको परिपत्रलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'मध्यमकालीन खर्च संरचना निर्माणको प्रगति सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको मध्यमकालीन खर्च संरचना २०८१/०८२- २०८५/०८६ तयार गर्न यस अघिको बैठकबाट दिइएका जिम्मेवारीहरू समयमै पूरा गर्ने शाखा प्रमुखहरूलाई धन्यवाद दिइयो । केही शाखाहरूबाट हालसम्म पनि विवरण प्राप्त नभएको यथाशीघ्र विवरण पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक राजस्व सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८० को आधारमा आन्तरिक राजश्व सङ्कन गर्ने सम्बन्धित निकाय (राजश्व सङ्कलनमा प्रत्यक्ष भूमिका खेल्ने वडा कार्यालय, राजश्व उपशाखा लगायत अन्य) कडाइपूर्वक क्रियाशील हुने र राजश्व सङ्कलन गर्ने । सङ्कलन भएको राजश्व प्रचलित कानुनबमोजिम समयमै आन्तरिक राजश्व शाखामा दाखिला गर्ने । चुहावट र हिनामिना हुन नदिने । नगरबस, एम्बुलेन्स सेवा, व्याकोलोडर, बालुवा ,गिट्टी, ढुङ्गाबाट सङ्कलन हुने राजश्व एवम् अन्य शीर्षकहरूमा प्राप्त राजश्व दुरूपयोग हुन नसक्ने अवस्थाको सुनिश्चिताको लागि राजश्व उपशाखाले Online Billing र राख्नुपर्ने विवरण तोकिएको ढाँचामा अनिवार्य राख्ने व्यवस्था मिलाउने । ढुङ्गा गिट्टी बालुवालकी राजश्व सङ्कलन र नगर बस तथा एम्बलेन्सको चेकजाँचका लागि नगर प्रहरी थप क्रियाशील भइ राजश्व चुहावट हुन नदिने । साथै राजश्व प्राप्तिकको लक्ष्यअनुसार **अनुसूची-१** मा उल्लेख भएबमोजिम हालसम्म निर्धारित लक्ष्यमा १२१.७ प्रतिशत सबैभन्दा बढी राजश्व सङ्लकनमा प्रगति गर्ने वडा नं. १२ का वडा सचिव श्री सुरेश शाहलाई पुरस्कृत गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'एकीकृत सेवा प्रवाहलाई व्यवस्थित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवालाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउन चौरजहारी नगरपालिकाको एकीकृत सेवा प्रवाह सञ्चालन कार्यविधि, २०८० बमोजिम सेवाका लागि आवश्यक कागजत, सेवाग्राहीहरूको फाइल व्यवस्थापन, सेवा प्रवाहको प्रगतिलगायतका बारेमा नागरिक वडापत्रले तोकेबमोजिम व्यवस्थित रूपमा सेवा प्रवाह गर्ने कार्यमा सबै जिम्मेवार भइ एकीकृत सेवा प्रवाह सञ्चालनमा कर्मचारीहरूको भूमिकालाई पूर्ण कार्यान्वयन गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत